# CAT बुलेटिन

CONNECTICUT STATE DEPARTMENT OF CONSUMER PROTECTION


**C** – तुलना गर्नुहोस् (COMPARE) • **A** – प्रश्नहरू सोध्नुहोस् (ASK QUESTIONS) • **T** – आफ्ना साथीहरू र परिवारसँग कुरा गर्नुहोस् (TALK TO YOUR FRIENDS AND FAMILY)


## तपाईं र तपाईंको विद्युत आपूर्ति कम्पनी

तपाईंले आफ्नो विद्युत या त कनेक्टिकट लाइट एन्ड पावर (CL&P) बाट या त युनाइटेड इल्युमिनेटिङ (UI) बाट खरिद गर्न सक्नुहुन्छ, जसलाई स्ट्यान्डर्ड सर्भिस भनिन्छ, अथवा तपाईंले यसलाई वैकल्पिक विद्युत आपूर्तिकर्ता बाट खरिद गर्न सक्नुहुन्छ। तपाईंले बिल सधैँ CL&P बाट [वा UI बाट] प्राप्त गर्नुहुनेछ, किनभने तपाईंलाई विद्युत उनीहरूले वितरण गर्छन्।

### यदि तपाईंले गत वर्ष वैकल्पिक विद्युत आपूर्तिकर्ताको लागि नाम लेखाउनुभएको थियो भने, यहाँ तपाईंले थाहा पाउनुपर्ने केही कुराहरू छन्:

- वैकल्पिक विद्युत आपूर्तिकर्ताहरूले तपाईंलाई सुरुमा राम्रो दरभाउ उपलब्ध गराउन सक्छन्, तर ती राम्रा दरहरू अस्थायी हुन सक्छन्। मूल्य स्थिर हो कि मासिक रूपमा परिवर्तन हुनेछ भनी सोध्नुहोस्, र यदि स्थिर हो भने कति लामो समयको लागि स्थिर रहनेछ भनी सोध्नुहोस्।
- करार अवधिको बारेमा सोध्नुहोस्। यो स्वचालित रूपमा नवीकरण हुनेछ वा हुनेछैन भनी सोध्नुहोस्। यदि तपाईंले पहिलेकै सेवामा फर्कने निर्णय गर्नुभयो भने तपाईंले कति सूचना दिनुपर्नेछ भन्ने बारेमा सोध्नुहोस्।
- तपाईं स्ट्यान्डर्ड सर्भिसको सथमा रहन सक्नुहुन्छ, वा तपाईं वैकल्पिक विद्युत आपूर्तिकर्तामा सरिसक्नुभएको छ भने पनि स्ट्यान्डर्ड सर्भिसमा फर्कन सक्नुहुन्छ। यदि तपाईं वैकल्पिक विद्युत आपूर्तिकर्तामा सरिसक्नुभएको छ भने, स्ट्यान्डर्ड सर्भिसमा फर्कनको लागि खारेजी शुल्क लाग्न सक्छ (त्यो शुल्क कति हो, सोध्नुहोस्)।
- स्ट्यान्डर्ड सर्भिस दरहरूलाई वैकल्पिक विद्युत आपूर्तिकर्ताहरूद्वारा प्रस्तावित दरहरूसँग तुलना गर्ने सबैभन्दा राम्रो उपाय EnergizeCT.com मा जानु हो वा 1.877. WISE-USE (1.877.947.3873) मा फोन गर्नु हो। सबै शर्तहरूको बारेमा बुझाउन अनुरोध गर्नुहोस्।
- तपाईंलाई फोन गर्ने वा तपाईंको ढोकामै आउने कोही व्यक्तिबाट खरिद गर्नको लागि दबावको महसुस नगर्नुहोस्। तिनीहरूको प्रस्तावलाई स्ट्यान्डर्ड सर्भिस वा अन्य कम्पनीहरूको प्रस्तावहरूसँग तुलना गरिसकेपछि, यदि तपाईं इच्छुक हुनुभयो भने उनीहरूलाई पुन: फोन गर्नुहुनेछ भनेर जानकारी गराउनुहोस्।
- आफू र आफ्नो कम्पनीको परिचय नदिने व्यक्तिसित कुनैपनि कुरा खरिद नगर्नुहोस्। तिनीहरूलाई आफ्नो परिचय देखाउन अनुरोध गर्नुहोस्।
- तपाईंले भुक्तान गरिरहनुभएको दर थाहा पाउन कृपया दायाँपट्टी हेर्नुहोस्। यदि तपाईं वैकल्पिक विद्युत आपूर्तिकर्तामा सर्नुभएको छ भने तपाईंले तिरिरहनु भएको दरलाई स्ट्यान्डर्ड सर्भिसको दरसँग तुलना गर्नुहोस्।




डिसेम्बर 31, 2014 सम्मको लागि स्ट्यान्डर्ड सर्भिस दर **9.99** सेन्ट हुनेछ। **CL&P** स्ट्यान्डर्ड सर्भिसमा फर्कनको लागि, हार्टफोर्ड/मेरीडेन क्षेत्रमा, **860.947.2000** मा फोन गर्नुहोस् (राज्यका अन्य भागहरूमा, **800.286.2000** मा कल गर्नुहोस्)।

UI स्ट्यान्डर्ड सर्भिसमा फर्कन, **800.722.5584** मा कल गर्नुहोस्।

**कुनैपनि उपभोग्य वस्तु खरिद गर्दा, CAT लाई सम्झनुहोस्।**
**तुलना गर्नुहोस्, प्रश्नहरू सोध्नुहोस्, समय लगाउनुहोस्, यसको बारेमा सोच्नुहोस्, र अरूहरूसँग कुरा गर्नुहोस्!**

ऊर्जा विज्ञसँग कुरा गर्न, ऊर्जा जानकारी लाइन 1.877.WISE.USE मा फोन गर्नुहोस् ।
राज्य उपभोक्ता संरक्षण विभागलाई 800.842.2649 वा 860.713.6300 मा फोन गर्नुहोस्